



# बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily






वर्ष ५ अंक ३१४ २१ जेठ २०७७ बुधबार 3 June 2020 Wednesday पृष्ठ : ४ मूल्य : ५ रुपैयाँ


कोभिड विरुद्ध तात्यो कपिलवस्तु

## तौलिहवा र पिपरामा कोरोना बिशेष अस्पताल : बलदेव







**भेषराज पाण्डे**
कपिलवस्तु २० जेठ

कपिलवस्तुमा २ ठाउमा कोरोना विशेष अस्पत्ताल र एक स्थानमा ट्रमा सेन्टर बनाउनसंघिय सरकारसंग जोडदार माग गर्ने नेकपा कपिलवस्तले निर्णय गरेकोछ । नेकपाका स्थायी कमिटी सदस्यएवमपूर्वमन्त्री चक्रपाणी खनाल ( बलदेव)को प्रमुखआतिथ्यतामाओदारी स्थित एक विद्यालयमा बसेको नेकपाको कार्यलय बैठकले यस्तो निर्णय गरेको हो।

जसकालागिजिल्ला सदरमुकामतौलिहवा र पिपरामा कोरोना विशेष अस्पत्ताल वनाउने , चन्द्रौटामा हालकालागिआइशोलेसन सहित ट्रमा सेन्टर बनाउन संघिय सरकार समक्ष जोडदार माग गर्ने निर्णय गरेको छ। यी सबै काममालागि नेकपाका स्थायी कमिटी सदस्य चक्रपाणी खनालबलदेव, संघिय सांसद बृजेश कुमार गुप्ता र सांसद विमला घिमिरेलाई विशेष अनुरोध गर्ने निर्णय गरेको नेकपाकाजिल्लाअध्यक्षझविलालपोखेलले वताउनु भएको छ।

अध्यक्षपोखेलले सदरमुकामतौलिहवामा ५० बेड क्षमताको कोरोना विशेष अस्पत्ताल बनाएर दक्षिणी क्षेत्रलाई सुरक्षिततुल्याउने काम नेकपाले पहिलो प्राथमिकतामा राख्ने निर्णय गरेको छ। यसैगरी बाणगंगाको पिपरा स्थित अस्पत्ताल अन्तर्गत अर्को ५० बेडको कोरोना विशेष अस्पत्ताल बनाउने निर्णय नेकपाले गरेको हो। यसैगरी शिवराजनगरपालिकाले चन्द्रौटामा बनाउदै गरेको आइशोलेशनमा ट्रमा सेन्टर स्थापनाकालागि जोडदार पहल गर्ने नेकपाले निर्णय गरेको अध्यक्षपोखेलको भनाइछ।

यतापुर्वमन्त्री चक्रपाणी खनालले भन्नु भयो म आफुले समन्वय गरेर मन्त्रालयमा पटक पटक डेलिगेशनगएकाहौं । डेलिगेशनमापूर्वमन्त्रीदिपकुमार उपाध्याय सहितजिल्लाकाअन्य संघिय सांसद समेतको सहभागिता रहेको थियो खनालले भन्नु भयो । तौलिहवामा कोरोना विशेष अस्पत्ताल र पिपरामाआइसियूसहितकोकोरोनाउपचारकेन्द्रस्थापना गर्ने मन्त्रालय समक्ष सहमतिभएको उहाले प्रष्टयाउनु भयो । तर तौलिहवा अस्पत्ताल जिल्ला अस्पत्ताल भएकाले त्यसलाई कोरोना विशेष बनाउनहुदैन भनेर त्यहाकाचिकित्सकहरुल स्वास्थ्यमन्त्रालय समक्षलवि गर्नुका साथै प्रदेश ५ का मुख्यमन्त्रीशंकर पोखेल मार्फत जिल्ला अस्पत्ताललाई कोरोना विशेष बनाउननहुने भनेर आग्रह भएपछि केहिदिनकाममा ढिलाई भएको नेताबलदेवले प्रष्टयाउनु भयो।

नेताबलदेवले भन्नु भयो तौलिहवामाबन्ने अस्पत्ताललाई बाणगंगा स्थानान्तरण गर्न लागिएको भनेर अफवाह फैलाउने कामभएको सुन्नमाआएको छ त्यो गलतहो । एउटै प्याकेजमातौलिहवा र पिपराको बिषयमामन्त्रालयमा सहमतिभएकाले यसलाई गलतब्याख्यानगर्न उहाले आग्रह गर्नु भयो । नेकपाले बाणगंगा मात्र हेरे पुग्दैन सिंगो जिल्ला हेर्नुपर्छ भन्दै ३ वटा स्थानमा अस्पत्ताल स्थापना नेकपाको वटमलाइन हुने उहाले दावि गर्नु भयो।

## धनकौलीकातरकारीको क्षेतीपूर्ति मन्त्रालयले दिने



नेकपा कपिलवस्तुका अध्यक्ष झविलाल पोखेल भन्नु हुन्छ—किसानको ताजातरकारी डम्पीङ साइटमा फयाकीएको छ दोषिमाथि कारवाही होस भनेर मन्त्री घनश्याम भुसालको ध्यानाकृष्ट गराए । उहाले विवरण पठाउन लगाउनोस तत्काल क्षेति पूर्ती उपलब्ध गराउछु भन्दै छानविन गर्ने प्रतिवद्धता जनाउनु भएको छ ।



कपिलवस्तु २० जेष्ठ

धनकौलीकाकिसानको अर्घाखाँचीमाप्रहरीको रोहवरमा नष्ट गरिएको तरकारीको क्षेतीपूर्ति नेपाल सरकारलेदिनेभएकोछा।नेकपाकाजिल्ला अध्यक्ष झविलाल पोखेलको पहलमा कृषिमन्त्री घनश्याम भुसाललाई घटना र त्यसवाट भएको क्षेतीवारे जानकारी गराएपछि मन्त्री भुसालले क्षेतीपूर्ति उपलब्ध गराउने प्रतिवद्धता जनाउनु भएको हो।

नेकपाकाअध्यक्षपोखेलले प्रेसपाटीलाई भन्नु भयो –मन्त्री भुसालले त्यहाभएको क्षेतीको विवरण छिटो पठाउन आग्रह गर्नु भएको छ। विवरण उपलब्धहुदासाथ मन्त्रालयवाट क्षेतीपूर्ति रकम पठाउछ भन्दै ढुक्क रहनआग्रह गरेको पोखेलले प्रष्टयाउनु भयो।

यताअध्यक्षपोखेलले अर्घाखाँचीमा जे जस्तो घटना भएको अत्यन्तै निन्दनीयभयो भन्दै यस्तो काम राज्यकाजिम्मेवार निकायवाट भएकोले उनीहरु माथि समेत छानविन हुनुपर्ने स्पष्ट पार्नु भयो। पोखरेलले भन्नु भयो–धनकौलीकाकिसानकपिलवस्तु रुपन्देही र अर्घाखाँचीकालागिताजा तरकारी उपलब्ध गराउने तरकारी दाताहुन्। उनीहरुलाई राज्यले उच्चप्रोत्साहन गर्नु पर्नेमा निरुत्साहीतहुने कामभयो त्यसैले मैले मन्त्रीसंग जसरी पनि राज्यले क्षेतिपूर्ति दिनुपर्छ र घटनाको छानविन गरि दोषिमाथि कारवाही हुनुपर्छ भनेर मन्त्री भुसालको गंभिर ध्यानाकर्षण गराएको छ अध्यक्षपोखेलले प्रेसपाटीसंग भन्नु भयो।

यतामन्त्री भुसालले उक्त घटना अकल्पनीय र दुखदभएको सामाजिक मिडियावाट प्रतिकृया जनाई सक्नु भएको छ। उहाले स्वदेशीकिसानको उत्पादन डम्पीङ साइटमा लगेर फाल्ने वाह्यवजारवाट आयातीत तरकारी र फलफूल बेरोकटोक उपभोग गर्ने कामले नेपालको हितनगर्ने प्रष्टयाउनु भएको छ । यताकृषितथापशुपंक्षीविकास मन्त्रालयका सचिव राजेन्द

प्रसाद भारीले अर्घाखाँचीमाभएको घटनाले गंभिर ध्यानाकर्षण भएको भन्दै यस्ता घटना अविलम्व रोक्न आग्रह गर्नु भएको छ। उहाले सो घटनाको छानविन हुने समेत बिज्ञप्ती मार्फत प्रष्ट पार्नु भएको छ।

## कपिलवस्तुमा लकडाउनको मोडल परिवर्तन

कपिलवस्तु२० जेठ

मंगलबार जिल्लाप्रशासनकार्यालय फेरि अर्को सूचना जारी गरी कपिलवस्तुमा लकडाउन खुकुलो पारेको छ । प्रशासनको सूचनाअनुसार कपिलवस्तुमाअतिआवश्यकखाद्यान्नपसलसंगै निर्माण सामग्री ढुवानीमा व्यवसायलाई अनुमतिप्रदान गरिएको छ। मंगलवार बसेको जिल्ला सुरक्षा समितिको बैठकले यस्तो निर्णय गरेको हो।

समितिको बैठकले पसलहरु खोल्ने समयमाभने परिवर्तन गरेको छ । जिल्लामाअतिआवश्यकखाद्यान्नतथानिर्माण सामग्री बेच्ने पसलविहान ११:०० बजेदेखि दिउँसो २:०० बजेसम्म मात्रखुल्ने छन्। यस अघिविहान ७:०० देखि ९:०० बजेसम्मपसलहरु खुल्दै आएकाथिए।

यस्तै बैंकहरुले जोर र विजोरका आधारमा ६ दिन नै ग्राहकलाई सेवादिनुपर्ने भएको छ। निर्माण सम्बन्धीउद्योगहरु, विद्युतीय सामाग्रीउत्पादन गर्ने उद्योगहरु, खाद्य सामाग्रीउत्पादन गर्ने उद्योगहरु र राष्ट्रिय गौरवकाआयोजनाहरु समेत जिल्लाप्रशासनको अनुमतिलिई संचालन गर्न सक्ने प्रशासनको सूचनामाउल्लेख छ। यो निर्णय मध्यरातबाट लागू हुने जिल्लाप्रशासनकार्यालय कपिलवस्तुले जनाएको छ।




**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला बिदैँ सञ्चार माध्यम तथा सामाजिक संञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनाधिकृत रुपमा परिचय-पत्र, पोशाक र सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना विभाग**

# सम्पादकीय

## अभ्यस्त बनौं

कोरोना भाइरसको महामारी २/४ महीनामै जानेवाला छैन । सुरुमा जति डर लागेको थियो, उति लाग्दैन अहिले त्यसैले । पचाए धेरैले । के होला र कसो होला भन्नेहरु पनि जे होला सो देखा जाएगा भन्न थालेका छन् अचेल । अभ्यस्त हुने तरिका र तयारी हो यो । र हो मन दह्रो पारेको जानकारी पनि । विज्ञहरुले भनिसके - नेपालमा संक्रमित मात्रै भेटिएका हुन्, कोरोनाले च्यापेका विरामी भेटिएका हैनन्, छैनन् । जसलाई लक्षण छैन, त्यस्तालाई अस्पताल लैजान पर्दैन । घरमै एकान्तबासमा राख्न सकिन्छ । आफै ठीक हुन्छ । औषधि खान पनि पर्दैन । सावधानी अपनाए पुग्छ । दुईहप्तासम्म छुट्टै राखेर बस्ने, खाने, पिउने, सुत्ने, शौच र स्नान गर्ने व्यवस्था मिलाएर जीउने शैली सिक्न पऱ्यो अव सवैले । अप्ठ्यारो मान्न पर्दैन कसैले ।

क्षय, कालज्वर, एकप्रकारको कुष्ट, हैजा र एच्आईभी संक्रमणको सुरुवाती चरणमा पनि अहिलेजस्तै डर मान्नेको कमी थिएन पहिले । जब रोगसंग साक्षात्कार हुन्छ, तब सहनसक्ने क्षमताको पनि विकास हुँदैजान्छ आफै । विकसित मुलुकले पनि बन्दाबन्दी(लकड्डाउन्) नगरेका हैनन्, छैनन् । गरेका छन् । तर जब २/४ महीनामा समाप्त हुनेवाला छैन भन्ने बुझे, त्यसपछि खुकुलो पार्दै लगेका छन् विस्तारै विस्तारै । नेपालले पनि गर्न पर्ने त्यही हो । सरकारी निर्णय पनि सोही अनुसारको आउला । त्यस्तै तयारी गर्दा राम्रै होला । अहिलेदेखि नै अभ्यस्त हुन आफैलाई बानी पार्ने प्रयास गर्दा हुन्छ । खेतीपातीको तयारी गर्न सकिन्छ दूरी कायम गरेर, स्व-सावधानी अपनाएर ।

अझै केही समयसम्म क्वारेन्टीन र आइसोलेशन सेन्टरको तयारी गरिए पनि सधै त्यसैमा लागेर हुन्न, चल्दैन भन्ने कुरा थाहा छ धेरैलाई । अर्को विकल्प नआउन्जेलसम्म बाध्यात्मक पनि छ । औषधि पत्ता नलागुन्जेल र आन्तरिक अवस्थाले पनि थाम्नसक्ने नबनुन्जेल अल्पकालीन उपाय अपनाउनै पर्छ । क्वारेन्टीन र आइसोलेशन सेन्टर अल्पकालीन उपाय हुन् । दीर्घकालीन हुन् भन्ने नठानौं, नमानौं । अधिकांश क्वारेन्टीन र आइसोलेशन सेन्टर सामुदायिक विद्यालयमा बनाइएका छन् । शैक्षिक गतिविधि रोकिएको हुनाले ती ठाउँको सदुपयोग गरिएको हो । पठन-पाठन सुरुहुँदासाथ क्वारेन्टीन र आइसोलेशन सेन्टर हरेक घर-परिवारले आफै बनाउनुपर्ने हुन्छ । बनाउने र बस्ने व्यवस्था पनि आफै हुँनेछ जब समाजले पचाउँदै जानेछ । जसरी क्षय, कुष्ट, कालज्वर, हैजा, एच्आइभी पोजेटिभलाई पचाएको छ । उसैगरी पचाउने छ कोरोना भाइरसलाई पनि ।

'हुलमुलमा जीउ जोगाउनु र अनिकालमा बीउ बचाउनु' भन्ने लोकोक्ति स्मरणीय छ । त्यही भुलेकाहरुलाई सम्झाउने र बुझाउने काम गरेको छ कोरोनाले । गाउँ शहरमा हुने भीडभाड र तडक्भडक् रोक्न सक्दैनथ्यो कसैले । खान-पान र रहन-सहनमा सावधानी अपनाउन लगाउन गाह्रो परेकै थियो । अब त कसैले पनि सम्झाउन पर्दैन । बेठेगानको मान्छेलाई ठेगान लगाउन आएजस्तो भएको छ कोरोना पनि । आफ्नो देश र परिवेशभन्दा विदेशकै चर्चामा रमाउनेले अव आफ्नै बुकुरो र टुकुरो नहेरे काम नचल्ने भो ।

# प्रतिरक्षा प्रणाली, खोप र कोभिड-१९

**डा. सुभाष पोखरेल**




भाइरस, ब्याक्टेरियालगायतका बाह्य संक्रमणबाट बचाउन हाम्रो शरीरमा सिपाहीरूपी करिब २० खरब कोष (सेल) सहितको प्रतिरक्षा (इम्युन सिस्टम) प्रणाली क्रियाशील छ। इम्युन सिस्टमका कोषहरू शरीरको प्रत्येक अंगप्रत्यंगमा रहेर हाम्रो शरीरमा बाह्य आक्रमण र त्यसको संभाव्यतालाई निरन्तररूपमा अनुगमन गरिरहेका हुन्छन्। बाह्य संक्रमणको अवस्थामा प्रतिरक्षा प्रणालीले मातहतका कोषहरूलाई आवश्यक परिमार्जन गर्छ। यसरी परिस्कृत कोषहरूमार्फत अतिक्रमणकारी शक्तिलाई निस्तेज पार्नु इम्युन सिस्टमको काम हो। प्रतिरक्षा प्रणाली स्नायु प्रणाली (नर्भस सिस्टम) पछिको सबैभन्दा जटिल शारीरिक पद्धति हो। खरबौं कोषको उक्त जटिल संयन्त्रले हामीलाई निरोगी हुन ठ्याक्कै कसरी मद्दत गर्छ भन्ने एकिन गर्न वैज्ञानिकहरू अहिलेसम्म सफल हुन सकेका छैनन्। यद्यपि, अनुसन्धानकर्ताहरूले प्रतिरक्षा प्रणालीका कार्यसंपादन सम्बन्धमा धेरै जानकारी बटुलेका छन्। प्रतिरक्षा प्रणालीले हामीलाई कसरी रोग लाग्नबाट जोगाउँछ, खोप अनि त्यसको प्रभावकारिताको चर्चा यो लेखको लक्ष्य रह्यो।

हामीलाई स्वस्थ राख्न शरीरमा दुई किसिमका प्रतिरक्षा प्रणाली क्रियाशील हुन्छन्- जन्मजात (इन्नेट) र परिवर्तनशील (एडप्टिभ) पद्धति। जन्मँदादेखि नै कायम रहेको संयन्त्रलाई जन्मजात प्रतिरक्षा प्रणाली भनिन्छ भने हुर्कँदै बढ्दै जाँदा विकास हुने रक्षाशक्तिलाई परिवर्तनशील प्रतिरक्षा प्रणाली भनिन्छ। बच्चा आमाको कोखबाट जन्मँदाका बखत वातावरणीय संक्रमणबाट जोगाउन शिशुमा जन्मजात प्रतिरक्षा प्रणाली क्रियाशील हुन्छ। उक्त इन्नेट रक्षा कवचले नवजात बच्चालाई सामान्य किसिमको संक्रमणबाट मात्र जोगाउन सक्छ। तर जटिल किसिमको जीवाणुले आक्रमण गरेका खण्डमा जन्मजात प्रतिरक्षा प्रणाली असफल हुन्छ, बच्चा बिरामी हुन्छ। जब जीवाणुको संक्रमणबाट बच्चालाई इन्नेट रक्षा प्रणालीले सञ्चो पार्न असमर्थ हुन्छ तब परिवर्तनशील प्रतिरक्षा प्रणालीको दायित्व सुरु हुन्छ। त्यसैले बढ्दो क्रममा जस्ता किसिमका कीटाणुले मानिसलाई संक्रमण गर्छ शरीरमा त्यस्तै प्रकृतिका परिवर्तनशील रक्षा संयन्त्र विकास हुन्छ।

अहिलेको रफ्तार हेर्दा भ्याक्सिन बन्नुअघि नै कोरोना भाइरसले संसारका सबै मानिसलाई संक्रमण गर्न भ्याउला जस्तो देखियो।

व्यक्तिको परिवर्तनशील प्रतिरक्षा प्रणालीलाई वातावरणले प्रभाव पार्ने भएकाले भिन्न स्थान र परिवेशमा हुर्किएको मानिसको एडप्टिभ इम्युन सिस्टम फरक फरक हुन्छन्। इन्नेट र एडप्टिभ इम्युन सिस्टमको परिदृश्यका लागि एउटा उदाहरण पेस गरौं। बच्चा रुनु जन्मजात प्रतिरक्षा प्रणाली जस्तो हो भने नेपाली तथा अंग्रेजी बोल्नुलाई परिवर्तनशील प्रतिरक्षा प्रणालीसँग तुलना गर्न सकिन्छ। जस्तो कि संसारको जुनसुकै कुनामा जन्मेको बच्चा एकै किसिमले रुन्छ तर नेपालमा हुर्किएको बच्चा नेपाली बोल्छ भने अमेरिकामा बस्ने बच्चा अंग्रेजी। एडप्टिभ इम्युन सिस्टमको विकास वातावरणले निर्देशित गर्ने भएकाले फरक परिवेशको अमेरिकामा जन्मिएको बच्चा नेपाल आउँदा बिरामी पर्न सक्छ।

ह•ीभित्र हुने 'बोनम्यारो' मा उत्पादन हुने श्वेत रक्तकणिका प्रतिरक्षा प्रणालीका योद्धा हुन्। देश रक्षाका लागि सैन्य जत्थाले अहोरात्र राष्ट्रको रखबारी गरेझैं श्वेत रक्तकणिका शरीरको प्रत्येक अंग/प्रत्यंगमा रहेर निरन्तररूपले बाह्य संक्रमणको अनुगमन गर्छन्, हामीलाई रोगी हुन दिँदैनन्। अझ अनौठो कुरा त प्रतिरक्षा संयन्त्रले शरीरका आफ्ना र पराय कोषलाई सजिलै पहिचान गर्न सक्छ अनि बाह्य सेललाई मात्र आक्रमण गर्छ। त्यतिमात्र होइन, आफ्नै शरीरमा पछि विकास भएका क्यान्सरजन्य कोषलाई समेत निस्तेज गर्ने काम गर्छ यो प्रणालीले। प्रत्यारोपण गर्दा मेल नखाने दाताको अंग परेको खण्डमा शरीरले 'अर्गेन' तिरस्कार गर्नुको कारणसमेत प्रतिरक्षा प्रणालीको आफ्नो र पराया पहिचान गर्ने गुण नै हो।

कदाचित जन्मजात प्रतिरक्षा प्रणालीले बाह्य संक्रमणसँग जुध्न सकेन भने विषाक्त जीवाणुले हाम्रो शरीरमा आफ्नो प्रभाव जमाउन थाल्छ, हामी बिरामी हुन्छौं। बाह्य कीटाणुले शरीरमा पहुँच बढाउन थालेपछि प्रतिरक्षा प्रणालीका मुख्यत दुई कोष 'टि' र 'बि' सेल क्रियाशील हुन्छन्। अनुसन्धानकर्ताले ल्याबमा औषधि परीक्षणका क्रममा धेरै किसिमका संभाव्य ओखती बनाएर रोगको परीक्षण गरेझैं टि सेलको सहयोगमा बि सेलले भिन्न भिन्न चरित्रका लाखौंको संख्यामा नवीन कोषहरू बनाउँछ। लाखौं सेलमध्ये जुन कोष बाह्य जीवाणुलाई मार्न सफल हुन्छ पछिल्लो चरणमा इम्युन सिस्टमले त्यही कोषका लाखौं कपी बनाउँछ। यसरी उपयुक्त कोष निर्माण गर्न इम्युन सिस्टमलाई १ देखि २ हप्ताको समय लाग्छ। अन्त्यमा प्रतिरक्षा प्रणालीले हामीलाई रोगबाट मुक्ति दिन्छ। अचम्मको कुरा त विगतमा कस्तो किसिमको जीवाणुलाई मार्न कुन प्रकृतिको बि सेल प्रयोग भएको थियो उक्त कुरा कम्प्युटरको मेमोरीझैं प्रतिरक्षा प्रणालीले आफ्नो स्मरणमा राखिरहन्छ। विगतमा संक्रमण गर्ने जीवाणु कदाचित हाम्रो शरीरमा पुनः प्रवेश गरेको खण्डमा विगतको स्मरणका आधारमा हाम्रो इम्युन सिस्टमले लाखौंको संख्यामा उपयुक्त कोष बनाउँछ। उक्त कार्य तुरुन्त गर्न सकिने भएकाले हामीलाई रोगको अनुभूति पनि हुँदैन। इम्युन सिस्टमले विगतमा संक्रमण गर्ने भाइरस तथा ब्याक्टेरिया कसरी चिन्छ भन्ने विषय हालसम्म पनि विज्ञानको उत्खननकै विषय देखियो।

भाइरसको आणुवांशिक पदार्थ 'आरएनए' उच्च जीवको जेनेटिक वस्तु 'डिएनए' जस्तो स्थिर नहुने भएकाले जनसंख्या वृद्धिका क्रममा भाइरसले आफ्नो चरित्र परिवर्तन गर्नु अन्यथा होइन।

अब खोपले हामीलाई कसरी रक्षा गर्छ त्यता हेरौं। सामान्यतः खोप विधिमा रासायनिक तथा अणुवांशिक विधिमार्फत निष्क्रिय बनाइएको सग्लो तथा आंशिक जीवाणुलाई हाम्रो शरीरमा हालिन्छ। यसरी शरीरमा हालिएका कीटाणु सुषुप्त अवस्थामा रहेकाले जीवाणुको संख्या वृद्धि भए पनि त्यसले हामीलाई बिरामी पार्न भने सक्दैन। बाह्य जीवाणुको वृद्धिसगै प्रतिरक्षा प्रणालीअन्तर्गतका कोषहरूले आफूमा आवश्यक परिमार्जन गरी अन्ततः खोपका रूपमा शरीरमा हालिएको जीवाणुलाई मार्न सक्ने 'बि सेल' बनाउँछ। अनि, भ्याक्सिनका रूपमा हालिएको जीवाणु नासिन्छ। इम्युन सिस्टमले विगतमा कुन जीवाणुलाई मार्न कस्तो चरित्रको बि सेल प्रयोग भएको थियो भन्ने कुरा स्मरणमा राखिरहने भएकाले पछिल्लो दिनमा उक्त जीवाणुले हामीलाई साँच्चिकै संक्रमण गर्दा प्रतिरक्षा प्रणालीले तुरुन्तै आवश्यक ढाँचाको बि सेल उत्पादन गर्छ अनि हामीलाई रोगबाट मुक्ति दिन्छ।

त्यसै प्रसंगमा संसारलाई आतंकित पार्ने कोरोना भाइरसको चर्चा सान्दर्भिक होला। वर्तमान संक्रमणको जड कोभिड-१९ भाइरस भन्दा अघि नै कोरोना समूहको दुई भाइरसले संसारमा हलचल ल्यायो। सन् २००३ मा चीनबाट सुरु भएको 'सार्स' अनि सउदी अरबमा सन् २०१२ मा देखिएको 'मर्स' भाइरसले त्यसबेला पनि आतंक फैलाएका थिए। विध्वंसात्मक भाइरस सार्सले संसारको स्वास्थ्य सन्तुलन तहसनहस पार्ने ठहर गर्दै उपचारका हरउपाय अवलम्बन गरियो। करिब पाँच वर्षपछि सार्सको भ्याक्सिन बजारमा आयो। तर भ्याक्सिन बजारमा आउनुअघि नै सार्सबाट संसारले मुक्ति पायो। त्यसो हुनुमा वैज्ञानिक आविष्कारको कुनै भूमिका थिएन बरु भाइरसको आणुवांशिक पदार्थमा आएको परिवर्तनका कारण सार्स भाइरस आफै मासियो। संसारले मुक्ति पायो। भाइरसको आणुवांशिक पदार्थ 'आरएनए' उच्च जीवको जेनेटिक वस्तु 'डिएनए' जस्तो स्थिर नहुने भएकाले जनसंख्या वृद्धिका क्रममा भाइरसले आफ्नो चरित्र परिवर्तन गर्नु अन्यथा होइन।

पाँच वर्षमा सार्सको भ्याक्सिन बजारमा आउनु ठूलो उपलब्धि ठानियो। भ्याक्सिनेसनका क्रममा जीवित भाइरस शरीरमा हाल्नुपर्ने भएकाले उक्त प्रक्रियामा व्यक्तिलाई कुनै प्रतिकूल प्रभाव पार्छ कि भन्ने कुराको एकिन गर्नुपर्ने हुन्छ। एउटा रोगको रोकथाम गर्ने अनि अर्को रोग निम्त्याउने भ्याक्सिन बजारमा नआओस् भन्नका लागि औषधि उत्पादनका क्रममा प्राज्ञिक अनुसन्धानका अतिरिक्त विभिन्न चरणको क्लिनिकल ट्रायलमा जानुपर्ने हुन्छ। संसारकै स्वास्थ्य चुनौतीका रूपमा रहेको कोभिड-१९ नियन्त्रणका लागि भ्याक्सिन बनाउन संसारका दजर्नौं ल्याब तल्लीन देखिए। सबै कुरा अनुकूल भएको खण्डमा एक डेढ वर्षभित्र भ्याक्सिन बन्ने देखिन्छ। अहिलेको रफ्तार हेर्दा भ्याक्सिन बन्नुअघि नै कोरोना भाइरसले संसारका सबै मानिसलाई संक्रमण गर्न भ्याउला जस्तो देखियो।

कदाचित छिटै भ्याक्सिन बन्यो भने पनि उक्त भ्याक्सिन संसारका झण्डै ८ अरब जनसंख्याको पहुँचमा पु(याउने काम कति सहज होला ? अनि समय कति लाग्ला ? खोपकै माध्यमले कुनै समय महामारीका रूपमा रहेको बिफर संसारबाट उन्मूलन भयो। तर खोपले सबै किसिमको भाइरसको इलाज गर्न सक्दैन भन्ने उदाहरणका लागि एचआइभी एड्सको अवस्था हेर्दा हुन्छ। दशकौंको प्रयास र अरबौं डलर खर्चँदा पनि एचआइभीको खोप नबन्नुले सबै भाइरस भ्याक्सिनेसनमार्फत नियन्त्रण गर्न सकिन्न भन्ने देखियो। अनुसन्धानका क्रममा सदैव अपेक्षित परिणाम आउँछ भन्ने छैन। कोभिड-१९ ले सार्स, बिफर अथवा एचआइभीमध्य जुनसुकै नियति भोग्न सक्छ भन्ने कुराको स्मरणले हाम्रो जीवन जिउने काइदालाई सहज बनाउँथ्यो कि ? *- नागरिकन्यूज*


## NOVEL CORONA VIRUS (nCOV)
## सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश

-कोरोनाभाईरस रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्ने भएकाले तोकिएको लकडाउनको समयमा घर बाहिर नजाऊँ । अत्यावश्यक समान किन्न जाँदा कम्तीमा ३ फिटको दुरी कायम गरौं ।आफु ,आफ्नो परिवार,समुदाय र देशलाई कोरोनाभाईरसको संक्रमणबाट बचाउन जिम्मेवार बनौं । घरमै बसौं ।
-कोरोनाभाईरसबाट बच्न बेलाबेलामा साबुनपानीले हात धोऔं । भिडभाडमा नजाऔं । खोक्दा वा हाच्छयुँ गर्दा नाक मुख कुहिनाले ढाकौं । हात मिलाउनु वा अंकमाल गर्नुको सट्टा नमस्कार गरौं । ज्वरो आएमा वा खोकी लागेमा सतर्कता अपनाऔं ।
-नेपाल सरकारले गरेको लकडाउनको पूर्ण रुपमा पालना गरौं । आफु पनी बाँचौं । अरुलाई पनी बचाऔं ।

- बाणगंगा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सिद्धिपुर कपिलवस्तु
- बुद्धभुमी नगरपालिका,नगरकार्यपालिकाको कार्यालय, बुद्धी , कपिलवस्तु
- शिवराज नगरपालिका ,नगरकार्यपालिकाको कार्यालय, चन्द्रौटा ,कपिलवस्तु
- कपिलवस्तु नगरपालिका ,नगरकार्यपालिकाको कार्यालय, तौलिहवा, कपिलवस्तु
- कृष्णनगर नगरपालिका,नगरकार्यपालिकाको कार्यालय, कृष्णनगर कपिलवस्तु
- शितगंगा नगरपालिका,नगरकार्यपालिकाकोकार्यालय, ठाडा ,अर्घाखाँची
- सिद्धार्थ नगरपालिका,नगरकार्यपालिकाको कार्यालय भैरहवा ,रूपन्देही
- सैनामैना नगरपालिका,नगरकार्यपालिकाको कार्यालय, बुद्धनगर,रूपन्देही
- बर्दघाट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बर्दघाट सुस्ता पश्चिम नवलपरासी

## जनहितका लागि जारी सन्देश

- पशु चौपायाहरू सडकमा जथाभावी नछोडौं
- राजमार्ग क्षेत्रमा अतिक्रमण नगरौं
वाटो काट्दा दायाँ बायाँ हेरेर मात्र काट्नुहोस्

अनुरोधक :-
हुलाकी राजमार्ग योजना कार्यालय
गोरूसिंङ्गे कपिलवस्तु

## जनहितका लागि जारी सन्देश

- पशु चौपायाहरू सडकमा जथाभावी नछोडौं
- राजमार्ग क्षेत्रमा बिस्कुन, पराल जस्ता बस्तुहरू नसुकाउनुहोस्

अनुरोधक :-
डिभिजन सडक कार्यालय
शिवपुर, कपिलवस्तु

# टेलिभिजन सुविधासहितको आइसोलेसन

परासी,२० जेठ ।

पश्चिमनवलपरासीको सुनवलनगरपालिकाले टेलिभिजनसहितको आइसोलेसन सेन्टर निर्माण गरेको छ।

नगरपालिकाक्षेत्रमा रहेको बालसिकाई केन्द्रको भवनमाअत्यन्तै कमलगानीमा २५ बेडको आइसोलेसन निर्माण गरिएको नगर प्रमुखभीमबहादुर थापाले बताए। आर्थिक बोझकम गर्न नगरपालिकाले सहयोगी दाताबाट बेड सहयोग मागेको हो।

आइसोलेसनमा रहेका सबै बेड बुटवलको एक स्वास्थ्य संस्थाले सहयोग स्वरुपउपलब्ध गराएको हो। बेड मात्रनगरपालिकाले खरिद गरेको हो। आइसोलेसन निर्माण गर्न १ लाख ३१ हजार मात्रलागेको छ।

आइसोलेसनमाप्रोटिन लगायतका नेपाल सरकारले उपलब्ध गराएकाअन्यऔषधिको व्यवस्था गरिएको छ । मनोरञ्जनकालागिटेलिभिजन र वाईफाईको व्यवस्था गरिएको छ।

आइसोलेसनमानगरपालिकाका स्वास्थ्यकर्मी र अन्य १९ जनाभोलेन्टिएर चिकित्सकहरुले निःशुल्क सेवादिने व्यवस्थामिलाइएको नगर प्रमुखथापाले बताउनु भयो। उनीहरु अहिले रुपन्देहीका अस्पतालमा भोलेन्टियर गर्दै आएकाहुन।

प्रदेश सरकारले हरेक स्थानीयतहलाई आइसोलेसन निर्माण गर्न निर्देशनअन्य स्थानीयतहले अहिलेसम्म निर्माण गर्न सकेका छैनन् । जिल्लामा ३ नगरपालिका र ४ गाउँपालिका छन् ।अहिलेसम्म ६ जना संक्रमितभएका छन्।



तीनजनाउपचारपछि घर फर्केका छन्। भारतबाट आउनेको संख्या बढ्दै जानु र संक्रमितहरु फेला पर्न थालेपनिअन्य स्थानीयतहहरु भने आइसोलेसन निर्माणमा उदासिन छन्। आइसोलेसन नहुँदाजिल्लामा देखा परेका संक्रमितहरुलाई भैरहवा र बुटवल पठाउनु पर्ने बाध्यता छ।

यता पाल्पामा कोरोना संक्रमणको संख्या ५ पुगेको छ । मंगलवारसम्ममात्रपाल्पामाथपदुईजनामा कोरोना सक्रमण देखिएको हो। पाल्पामाहिजो मात्र ३ जनामा कोरोना पुष्टि भएको थियो। यो सँगै पाल्पामा कोरोना संक्रमितको संख्या ५ पुगेको हो।

प्रदेशजनस्वास्थ्यप्रयोगशाला भैरहवामा गरिएको परिक्षणमा सोमबार निस्दीगाउँपालिका वडा नं २ का २ जना १७ र ३६ बर्ष उमेरका पुरुषमा कोरोना पुष्टि भएको हो।

दुवैजनाएकहप्ता अघि भारतबाट पाल्पाआएकाथिए । सँक्रमितदुवैजनाको स्वास्थ्यअवस्था सामान्य रहेको गाउँपालिका स्वास्थ्यशाखा संयोजक रेमबहादुर दिशाले बताउनु भयो।

दुवै संक्रमितगाउँपालिकाको क्वारेन्टाइनमा बस्दै आएका छन । दुबै संक्रमितलाई तानसेनको आइसोलेसनमाल्याउने तयारी भएको र दुबैजनाको कन्ट्र्याक ट्रेसिङ्गको आधारमा अन्यव्यक्तिहरुको खोजीभईरहेको जिल्ला स्वास्थ्यकार्यालय पाल्पाकानिमित्तप्रमुखविश्वनाथन्यौपानेले बताउनु भयो।

पाल्पामाआइतबार मात्र रैनादेबी छहराका २ र माथागढी गाउँपालिकाका १ गरि ३ जनामा कोरोना पुष्टि भएको थियो । संक्रमिततीनजनालाई तानसेनको आइसोलेसनमाल्याई थपउपचार भईरहेको हालउनीहरुको अवस्था सामान्य रहेको स्वास्थ्यकार्यालय पाल्पाले जनाएको छ।


**KRISHNANGAR MUNICIPALITY**
OFFICE OF THE MUNICIPALITY EXECUTIVE
KRISHNANAGAR, KAPILVASTU
5 NO. PROVINCE,NEPAL

## Invitation for Quotations

Date of publication: 2077-02-21(Jun 03, 2020)

1. The Krishnanagar Municipality Office Of The Municipality Executive has invites sealed quotations for the construction of named below.

| S.No. | Contract Identification No | Name Of Work, Address | Estimated Amount (Nrs.) With VAT | Fee for Bid Document |
|---|---|---|---|---|
| 1 | KNM/NCB/ SQ-01/076/77 | Amauli gaaunko uttar r Dakshin jane sadak marmat Marmat Krishnanagr Municipality-10 | 1276637.90 | 1,000.00 |
| 2 | KNM/NCB/ SQ-02/076/77 | Bedmau Gaun dekhi Patana Samma Sadak Marmat Marmat Krishnanagr Municipality-12 &11 | 1107593.5 | 1,000.00 |
| 3 | KNM/NCB/ SQ-03/076/77 | Hariharpur Dekhi Thakurapur Jane Sadak Marmat Marmat Krishnanagr Municipality-12 | 900572.2 | 1,000.00 |
| 4 | KNM/NCB/ SQ-04/076/77 | Hulaki Dekhi Jamuni Hudai Sukhrampur Jane Sadak Marmat Krishnanagr Municipality-07 | 1289805.0 | 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Krishnanagar Municipality Office Kapilvastu, Krishnanagar,Nepal.
A complete set of Bidding Documents may be purchased from the office the Krishnanagar Municipality office Kapilvastu, Krishnanagar,Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2077-03-03 (17-06-2020)17:00. Bidders should deposit the cost of bidding document in the Office Rajaswa (revenue) account as specified below:-
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Nepal Limited Bank Krishnanagar,Kapilvastu
Name of the Office: Krishnanagar Municipality, Office of Municipal Executive, Kapilvastu
Office Code no: 801054902 (Dharauti and Rajaswa); Office Account no: 01403000000003000008
3. Sealed bids must be submitted to the office Krishnanagar Municipality Office Kapilvastu, Krishnanagar,Nepal by hand on before 12:00 on 2077-03-04(18-06-2020)Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2077-03-04(18-06-2020) 2:00 at the office of Krishnanagar Municipality Office Kapilvastu, Krishnanagar,Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid .
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Executive Officer**







# बन्दाबन्दीमापनि रोहिणीको काम

बन्दाबन्दीमापनि रोहिणीको काम
भैरहवा, २० जेठ।

नेपालमाबन्दाबन्दी (लकडाउन) भएको ७० दिन पूरा भएको छ । अर्थात ७० दिनदेखि नेपालकाअधिकांशउद्योग मात्र हैन विकास निर्माणका कार्य पनि ठप्प रहेका छन् । यस्तो अवस्थामापनि रुपन्देहीको रोहिणी गाउँपालिकामाबिभिन्नबिकास निर्माण कार्यहरु सुचारु रहेका छन्।

रोहिणी गाउँपालिकामापक्की बाटो निर्माणदेखि, सिंचाई परियोजना र अन्यविकास निर्माण कार्यहरुले निरन्तरतापाएका छन् ।बन्दाबन्दीको समयमाअधिकांशकार्यालयकाकर्मचारीहरु घर बसी रहेको अवस्थामा रोहिणी गाउँपालिकाकाकर्मचारीहरु अहिले स्थलगतकार्यमा ब्यस्त छन् । रोहिणी गाउँपालिकाअध्यक्ष सनोजकुमार यादवको नेतृत्वमागाउँपालिकाकाकर्मचारी मात्र हैन् जनप्रतिनिधिपनिउत्तिकै सक्रिय रहेका छन्।

बन्दाबन्दीको समयमा ठूलो मानिएका योजनाहरुलाई सम्पन्न गर्ने मनसायमागाउँपालिका रहेको रोहिणी गाउँपालिकाअध्यक्ष सनोजकुमार यादवले बताउनु भयो।

उहाँले अहिले पक्की बाटो, पिसिसी बाटो लगायतकाकामहरुलाई निरन्तरतादिईएको बताए । यो आर्थिक बर्षमा कम्तिमा ५० प्रतिशत पूंजिगत बजेट खर्च गर्ने योजना रहेको उनले बताउनु भयो।

अहिले रोहिणी गाउँपालिकामादर्जन बढी पिसिसि सडक, ६ पक्की सडक, र सिंचाई योजनकाकामधमाधमभई रहेका छ। यस्अघि नै उपभोक्ता समिति गठन भई लागतअनुमान समेत भई सकेको योजनाहरु र टेण्डर प्रक्रियामागएकायोजनाहरुलाई अगाडी बढाईएको गाउँपालिकाकाप्रमुखप्रशासकीयअधिकृत रोमनाथन्यौपानेले जानकारी दिनुभयो।

"यो परिस्थितिमा सत प्रतिशतकाम गर्छौ भन्ने अवश्था छैन तर जति सकिन्छ त्यतिकाम गरेका छौं।" न्यौपानेले भने

रोहिणी गाउँपालिकाअध्यक्ष सनोजकुमार यादवले अहिले आफै अनुगमन गरि कामको गुणस्तर र समयबारे सम्बन्धितपक्षलाई सचेत गराईरहनु भएको छ। उनले १४ वटा कालोपत्रे सडकको टेण्डर भई ६ वटामा कामपनिभईरहेको जानकारी दिनुभयो । कोरोना महामारीलाई हेर्दै सामाजिक दुरी कायम गरेर कामहरु अगाडी बढाईएको उहाँले जानकारी दिनुभयो । रोहिणी गाउँपालिकामापनि कोरोना संक्रमितहरु देखिएको कारण सावधानीअपनाएर कामहरु भई रहेको उहाँले दावी गर्नुभयो।

कोरोना महामारी यति छिट्टै निर्मूल हुने नदेखेपछि कोरोनाकै बिचमा रहेर यसबाट जोगिदै आफ्ना कामहरुलाई निरन्तरतादिनुपर्ने आवश्यकता रहेको गाउँपालिकाकाप्रवक्ता सरोज कुमार पाण्डेले बताउनु भयो।


## NOVEL CORONA VIRUS (nCOV)
## सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश

- कोरोनाभाईरस रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्ने भएकाले तोकिएको लकडाउनको समयमा घर बाहिर नजाऊँ । अत्यावश्यक समान किन्न जाँदा कम्तीमा ३ फिटको दुरी कायम गरौं ।आफु ,आफ्नो परिवार,समुदाय र देशलाई कोरोनाभाईरसको संक्रमणबाट बचाउन जिम्मेवार बनौं । घरमै बसौं ।
- कोरोनाभाईरसबाट बच्न बेलाबेलामा साबुनपानीले हात धोऔं । भिडभाडमा नजाऔं । खोक्दा वा हाच्छ्युँ गर्दा नाक मुख कुहिनाले ढाकौं । हात मिलाउनु वा अंकमाल गर्नुको सट्टा नमस्कार गरौं । ज्वरो आएमा वा खोकी लागेमा सतर्कता अपनाऔं ।
- नेपाल सरकारले गरेको लकडाउनको पूर्ण रुपमा पालना गरौं । आफु पनी बाँचौं । अरुलाई पनी बचाऔं ।

धुर्कोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गुल्मी



## NOVEL CORONA VIRUS (nCOV)
## सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश

- कोरोनाभाईरस रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्ने भएकाले तोकिएकोलकडाउनको समयमा घर बाहिर नजाऊँ । अत्यावश्यक समान किन्न जाँदा कम्तीमा ३ फिटको दुरी कायम गरौं ।आफु ,आफ्नो परिवार,समुदाय र देशलाई कोरोनाभाईरसको संक्रमणबाट बचाउन जिम्मेवार बनौं । घरमै बसौं ।
- कोरोनाभाईरसबाट बच्न बेलाबेलामा साबुनपानीले हात धोऔं । भिडभाडमा नजाऔं । खोक्दा वा हाच्छ्युँ गर्दा नाक मुख कुहिनाले ढाकौं । हात मिलाउनु वा अंकमाल गर्नुको सट्टा नमस्कार गरौं । ज्वरो आएमा वा खोकी लागेमा सतर्कता अपनाऔं ।
- नेपाल सरकारले गरेको लकडाउनको पूर्ण रुपमा पालना गरौं । आफु पनी बाँचौं । अरुलाई पनी बचाऔं ।



लुम्बिनी बिकास कोष
रुपन्देही



## वनलाई डढेलो बाट जोगाऊ

गर्मी यामसँगै हावाहुरी बढि चल्ने र वन डढेलो लाग्ने जोखिम पनि उच्च हुने भएकाले लाइटर, सलाई, हात, हतियार लगाएतका निशेधित वस्तुहरु लिएर वन क्षेत्रमा प्रवेश नगर्नुहुन सम्पूर्ण उपभोक्ताहरुमा हार्दिक अपिल गर्दछौं । वन डढेलोको कारण हरियो वन तथा वन्य जन्तुहरु नष्ट भई वातावरणीय असन्तुलन पैदा हुने खतरा हुन्छ तसर्थ वन संरक्षणमा योगदान पुऱ्याउन र आफुले जानेबुझेका कुरा गाउँ, घर, छरछिमेकीलाई पनि बुझाउन सबैमा सनिवय अनुरोध गर्दछौं ।

*वनमा हरित पेटी तथा अग्नि रेखा निर्माण गरि नियमित सफा गरौं, आगोको फैलावटमा बाधा पुऱ्याऔं।*



मनकामना सामुदायिक वन उपभोक्ता समुह
बाणगंगा न.पा -कपिलवस्तु

# सांसद विकास कोषको रकम स्वास्थ्य सामाग्री खरिदमा लगाउ : साझा पार्टीको

बुटवल, २० जेठ

साझा पार्टीले सांसद विकास कोषको रकम स्वास्थ्य सामाग्रीखरिदमाउपयोग गर्न माग गरेको छ।

पार्टीका प्रदेश ५ संयोजकतथा केन्द्रीय सदस्यअनुपमान सैजुले मंगलवार एक प्रेस विज्ञप्ति प्रकाशित गरि यस प्रदेश बाट निर्वाचित सांसदहरूले प्राप्त गर्ने सांसद विकास कोषको रकम कोरोना परिक्षण र उपचारकालागिआवश्यकउपकरणखरिद तथाक्वारेन्टाइन व्यवस्थापनमाखर्च गर्ने व्यवस्थामिलाउनमाग गर्नुभएको हो।




प्रदेश ५ का विभिन्न नाकाबाट नेपालीदाजुभाइतथादिदीबहिनीहरू आवश्यक स्वास्थ्यजाँचबिनानै नेपालप्रवेश गराउने, क्वारेन्टाइनको उचितव्यवस्थापननभएको प्रति साझा पार्टीको गम्भीर ध्यानाकर्षण भएको भन्दै विज्ञप्तिमा सांसद विकास कोषको रकम कोरोना परिक्षण र क्वारेन्टाइनको व्यवस्थापनमाखर्च गर्ने निर्णय गरेर नमुनाप्रदेशको रूपमा अगाडि बढ्न आग्रह गरिएको छ।

संघीय सरकारको मात्रै भर परेर आफ्नो प्रदेशमाप्रवेश गरेका नागरिकको स्वास्थ्य परिक्षण गर्न स्वास्थ्य सामग्रीको अभाव देखाउनु प्रदेश सरकारका लागिअशोभनस्यहुने जनाउँदै विज्ञप्तिमा सांसद विकास कोषको रकम कोरोना परिक्षण र क्वारेन्टाइनको व्यवस्थापनमाखर्च गरेर नमुनाप्रदेश बन्नप्रदेश सरकार र प्रदेश सभा सदस्यहरूलाई आग्रह गरिएको छ।

संघीय तथाप्रदेश सांसदहरूलाई दिइदै आएको बार्षिक करिब २० अर्ब रूपयाँनीतिगत भ्रष्टाचारको नमुनाभएको भन्दै विज्ञप्तिमा साझा पार्टीले त्यसको बिरोध गर्दै आइरहेको जनाइएको छ।

विज्ञप्तीमा भनिएको छ- एकातिर कोभिड-१९ बिरूद्ध लड्न सरकारले आम सर्वसाधारण जनतासँगअपिल गरेर केहीअर्बौ रूपयाँजम्मा गर्ने प्रयास गर्दै छ, अर्कोतर्फ खुल्लमखुल्ला भैरहेको चरम नीतिगत भ्रष्टाचार रोकेर एकैबर्षमा २० अर्ब रूपयाँ बचत गर्न सकिने यथार्थतालाई भने निहित राजनीतिक स्वार्थपूर्तिका लागि बेवास्ता गरिएको छ।

प्रदेश सरकारको औचित्यमाथिनै प्रश्नचिन्ह उठेको अवस्थामाउक्तकदमले जनताले राहत महसुस गर्ने र प्रदेश प्रदेश सरकार र प्रदेश सभा सदस्यहरूले आफ्नो जिम्मेवारी बहन गरेको देखिने सो पार्टीले जनाएको छ।

# संक्रमितको परिक्षण बढाउँदै प्रदेश सरकार

बुटवल, २० जेठ

प्रदेश ५ मा कोरोना संक्रमितको संख्या बढ्दै गएपछि प्रदेश ५ सरकारले कोरोना परिक्षणको दायरा बढाउने तयारी गरेको छ।



प्रदेश ५ मा तीनवटा प्रयोगशालाबाट कोरोना परिक्षण गरिँदै आएकोमा स्वाव संकलनसंगै परिक्षणको चाप बढेसँगै दवावपनि बढेको छ जसका कारण यहाँ परिक्षणमा विलम्वभएकोले केन्द्रियप्रयोगशालामा स्वाव पठाउन थालिएको छ।

आवश्यकजनशक्तिको अभाव र प्रयोगशालाको क्षमताकमजोर हुँदा परिक्षण सुस्त भएको भन्दै क्वारेन्टिनमा बसेकाहरु नै आन्दोलनमाउत्रिएका छन्।

सोमवारकै तथ्याँकअनुसार पनि यो प्रदेशमाकरिप ५ हजार ४ सयको स्वाव परिक्षण गर्न बाँकी छ।

कपिलवस्तुको तौलिहवामाप्रयोगशाला स्थापना गर्ने भनिएपनिपिसिआर मेसिनको अभावका कारण प्रदेशका तीनवटा प्रयोगशालाले मात्रै दैनिक ३ सयमात्र परीक्षण गर्न सक्ने क्षमता छ।

पछिल्लो समयभारतबाट अत्याधिकनागरिक भित्रिएपछि स्वाब संकलनपनि बढी भइरहेको सामाजिकविकास मन्त्रालयले बताएको छ।

न्त्रालयकावरिष्ठ स्वास्थ्यप्रशासक डा. उमाशंकर चौधरीले प्रदेशमा रहेका ३ वटै ल्याबमाजनशक्तिथप गरेर परीक्षणको दायरा बढाउने बताउँदै भैरहवा, दाङ र नेपालगञ्जमा अस्थायी करार कर्मचारी थप गरेर भएपनिदायरा बढाउने तयारीमा रहेको र तौलिहवामा समेत प्रयोगशाला स्थापना गरिने बताउनु भयो ।प्रयोगशाला स्थापनाको सुरू अवस्थामै जनशक्तिअभावब्यहोरेका प्रयोगशालाले पुनः किटको अभावहुँदा परीक्षणको दायरा बढाउन सकिरहेका थिएनन्।

प्रदेशमाआवश्यक किटको मागभइरहेको र अब परीक्षणको दायरा द्रुत बनाउने मन्त्रालयको योजना छ। प्रत्येकप्रयोगशालामा सिफ्ट कर्मचारी थप गरी परीक्षण बढाउने तयारी भइरहेको बताइएको छ।

स्वास्थ्यमहाशाखाप्रमुख डा. चौधरीकाअनुसार विदेशबाट नेपालीआउने क्रम बढ्दै छ जसका कारण परिक्षणको दायरा पनि बढाउनुको विकल्प छैन।

उहाँले पछिल्लो समयकपिलवस्तु र बाँकेमा संक्रमितको संख्या बढेसँगै यीजिल्लामा स्वाब परीक्षण अन्यजिल्लाको तुलनामा बढी रहेको बताउनु भयो।

डा. चौधरीकाअनुसार प्रदेशमाअहिले क्वारेन्टाइनमा ३० हजार भन्दा बढी छन् । उनीहरू सबैका लागिआरडीटी किटको मागभइरहेको बताइएको छ भने प्रदेशकाकतिपयजिल्लामाआरडीटी परीक्षण समयमानगर्दा क्वारेन्टाइनबाटै भागेका घटनाहरू समेत भइरहेकाले परीक्षणलाई सरकारले द्रुत गतिमा अगाडि बढाउनुपर्ने अवस्था छ।

# महिला तथा वालवालिकालाई विशेष ध्यानजानु आवश्यक



सुर्यकुमारी शाही



सन्तोषी पाण्डे



चेतना अधिकारी

**पार्वती पाण्डे**

कपिलवस्तु २० जेठ

राष्ट्रिय सभा सदस्यबिमला घिमिरेले कोरोनासंक्रमितमहिला रक्वारेन्टाइनमा भएकामहिलातथावालवालिकाहरुलाई विशेष ध्यान पुऱ्याउनु पर्ने बताउनुभएको छ। संक्रमितमहिला र वालवालिकालाई समयमा अस्पताल पुऱ्याउनु र क्वारेन्टाइन व्यवस्थित गर्न स्थानिय सरकार जिम्मेवार हुनु पर्ने जोड दिनुभएको छ । अरुको तुलनामामहिलातथावालवालिकालाई वढि समस्याहुने भएकोले विशेष ध्यान पुऱ्याउनुउहाँले सम्बन्धित स्थानिय सरकारका जनप्रतिनिधिलाई आग्रह गर्नु भएको छ । कपिलवस्तुजिल्लामा कोरोना संक्रमितको संख्या बढेकोमा चिन्ताव्यक्तगर्दै आफुले केन्द्रबाट कोरोना अस्पताल बनाउन र क्वारेन्टाइनहरु व्यवस्थित बनाउनपहल गरेको जनाउनुभयो । मंगलवारजिल्लाकाअगुवामहिलाहरुसँगको जुम मिटिङमा कुराकानीगर्दै उहाँले यस्तो बताउनुभएको हो।

सांसद घिमिरेले जिल्लामाक्वारेन्टाइनको अवस्था , संक्रमितहरुको अवस्थावुझ्ने र व्यवस्थापन गर्ने काममाजिल्ला समन्वय समितिले पनि सघाउनु पर्ने जनाउनुभयो । उक्त वैठकमा बोल्दै नेकपाका नेता सन्तोषी पाण्डेलले कोरोना भाइरस बाट बच्न सबै आआफ्नो स्थानबाट लाग्नु पर्ने बताउनुभयो। उहाँले अगाडि भन्नुभयो , सरकारलाई दोष दिएर मात्रपुग्दैन लकडाउनको पालनागर्दै आफु सुरक्षितहुदै अरुलाई पनि सुरक्षितपार्नु पर्ने जनाउनुभयो। वैठकमा बोल्दै नेकपाका नेता सुर्यकुमारी शाहिले कोरोनाबाट महिलातथावालवालिका बढि प्रभावितभएको भन्दै यसमा सबैले ध्यान पुऱ्याउनु पर्ने जनाउन'भयो । जिल्लामाप्रयाप्तमात्रामापिसीयार किटउपलब्धहुनु पर्ने धारणा राख्नुभयो । कार्यक्रममाअधिकारकर्मी चेतनाअधिकारीले कोरोना संक्रमितलाई र उनीहरुका घर परिवारलाई समाजले फरक दृष्टिकोणले हेर्न नहुने बताउनुभयो । क्वारेन्टाइनहरु महिलातथावालवालिका मैत्रीहुनु पर्नेमा जोड दिनुभयो।

# कोरोनानाले साहित्यकारलाई प्रविधिमैत्रीवनायो

बुटवल, २० जेठ

लकडाउनका वीचपनि सामाजिक दुरी कायमगर्दै प्रगतिशील लेखक संघ नेपाल रुपन्देहीको बैठक सम्पन्नभएको छ।

बैठकमा कोरोनाले साहित्यकारहरुलाईप्रविधिमैत्रीबनाएको र सो प्रविधिमैत्रीअवसरलाई प्रगतिशील लेखनमाप्रयोग गर्न समेत अनुरोध गरिएको छ।

प्रलेस,नेपाल-५ नम्बर प्रदेशका संयोजक केशवथापाले नेपालमा कोरोनाले नकारात्मकमात्रनभै केहीअवसर समेत ल्याएको बताउनु भयो।

सो अवसरमा प्रलेसका केन्द्रिय सदस्यमीनबहादुर रानाले कोरोनाका कारण तनावउत्पन्न भैरहेपनिप्रविधिलाई प्रयोग गरी तनावन्यूनीकरणका लागिनयाँखालको प्रचार सामाग्रीबनाउनप्रलेस रुपन्देहीलाई अनुरोध गर्नुभयो।

साथै प्रलेस नेपाल रुपन्देहीशाखाले निरन्तर रुपमा सञ्चालनगर्दै आएको दर्शन पाठशाला जेठ २४ गते सञ्चालन गर्ने र सो पाठशालामा कोरोनापछिको साहित्यको अवस्थाका सन्दर्भमा छलफल हुने बताइएको छ।

साथै प्रगतिशील लेखन सम्बन्धीतीनदिवसीयगोष्ठी र लेखकहरुसँगपाठककोभेटघाटकार्यक्रम सञ्चालन गर्ने निर्णय समेत भएको बताइएको छ।

कार्यक्रममाप्रलेस, नेपाल रुपन्देहीकाउपाध्यक्षकविराजपौडेल, सचिवश्यामपोखरेल,सदस्यहरुहरिप्रसाद पौडेल, धनकुमारी अर्याल, लक्ष्मी केसी, टेकराज भुसालगायतले सार्थक सहभागिताजनाएको उक्तकार्यक्रमको अध्यक्षताप्रलेस नेपाल रुपन्देहीकाअध्यक्षदलबहादुर गुरुङले गर्नुभएको थियो।


## NOVEL CORONA VIRUS (nCOV)
## सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश

-कोरोनाभाईरस रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्ने भएकाले तोकिएको लकडाउनको समयमा घर बाहिर नजाऊँ । अत्यावश्यक समान किन्न जाँदा कम्तीमा ३ फिटको दुरी कायम गरौं ।आफु ,आफ्नो परिवार,समुदाय र देशलाई कोरोनाभाईरसको संक्रमणबाट बचाउन जिम्मेवार बनौं । घरमै बसौं ।

-कोरोनाभाईरसबाट बच्न बेलाबेलामा साबुनपानीले हात धोऔं । भिडभाडमा नजाऔं । खोक्दा वा हाच्छयुँ गर्दा नाक मुख कुहिनाले ढाकौं । हात मिलाउनु वा अंकमाल गर्नुको सट्टा नमस्कार गरौं । ज्वरो आएमा वा खोकी लागेमा सतर्कता अपनाऔं ।

-नेपाल सरकारले गरेको लकडाउनको पूर्ण रुपमा पालना गरौं । आफु पनी बाँचौं । अरुलाई पनी बचाऔं ।

- विजयनगर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु
- शुद्धोधन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु
- यशोधरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु
- मायाँदेवी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु
- कंचन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, रूपन्देही
- गैडहवा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, रूपन्देही








कमन नेपाल प्रा. लि.द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि प्रबन्ध निर्देशक : **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादक : **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादक: **बसन्त गिरी**,
सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, बजार व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **शैलेन्द्र कुमार चौधरी**
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , प्रदेश नं. ५ , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही